**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs Date: 26.09.2024**

## MP-Etimates Committee Meeting

लोकसभा सांसद श्री इन्द्रहाङ सुब्बा आज संसदको एनेक्स भवनमा सम्पन्न अनुमान समितिका बैठकमा सहभागी हुनुभयो। बैठकमा प्राकृतिक र जैविक खेतीको प्रवर्धन लगायत कृषि विज्ञान केन्द्र, KVK र भारतीय कृषि अनुसन्धान परिषद्, ICAR सँग सम्बन्धित प्रमुख मुद्दाहरूमा केन्द्रित थियो। छलफलका क्रममा श्री सुब्बाले कृषिमा रासायनिक मलको प्रयोग घटाउन भारत सरकारको प्रतिबद्धताको प्रशंसा गर्नुभयो, अनि यो परिवर्तन दिगो कृषि अभ्यासका लागि आवश्यक भए पनि, सङ्क्रमणबाट किसानका आम्दानीमा प्रतिकूल असर नपर्ने सुनिश्चित गर्न राम्रो व्यवस्थापन नीति आवश्यक रहेको बताउनुभयो। त्यसअतिरिक्त, श्री सुब्बाले यस अवसरमा आई.सी.ए.आर अन्तर्गतका कृषि विज्ञान केन्द्र र कृषि विभागका कर्मचारीहरूबीचको असमानतालाई पनि औँल्याउनुभयो।

## Governor-DSP Meet

राज्यका विशेष पुलिस महानिर्देशक श्री अक्षय सचदेवाले आज राज्यपाल श्री ओम प्रकाश माथुरलाई राजभावनमा भेट गर्नुभयो। भेटघाटका क्रममा राज्यपालले राज्यको कानुन-व्यवस्थाको स्थितिबारे जानकारी लिनुभयो। त्यस सन्दर्भमा श्री सचदेवाले राज्यपाललाई विस्तृत जानकारी गराउनुभयो।

## 'APATAN'

सिक्किम अकादमी, गान्तोकले आज सर टाशी नामग्याल उच्चतर माध्यमिक विद्यालयमा आठौँ पदमसिंह सुब्बा **"अपतन"** व्याख्यानमाला 2024 कार्यक्रम आयोजना गऱ्यो। स्वास्थ्य एंव परिवार कल्याण विभाग तथा संस्कृति विभागका मन्त्री श्री जीटी ढुंगेलले कार्यक्रमलाई सम्बोधन गर्दै, साहित्यिक रचनाकारहरूले सदैव पथप्रदर्शक बनेर समाजलाई सत्मार्ग देखाउनुपर्ने बताउनुभयो। सभाध्यक्ष पद्मश्री श्री सानु लामाले सिक्किम अकादमीको कार्यक्रम आयोजन गर्ने प्रयासको प्रशंसा गर्दै, व्याख्यानमालाको कार्यक्रमलाई निरन्तरता दिन आग्रह गर्नुभयो। व्याख्यानकर्ता श्रीमती अनिता निरौलाले **अदृश्य कलमबाट साहित्य लेखन: सम्भावित चुनौतीहरू** विषयमाथि व्याख्यान प्रस्तुत गर्नुभयो। उहाँले अदृश्य कलम, कृत्रिम बुद्दिमत्ताको सकरात्मक र नकरात्मक पक्षका विभिन्न आयाममाथि विस्तारमा विश्लेषण गर्नुभयो। स्वागत सम्बोधनमा सिक्किम अकादमीका अध्यक्ष श्री एस.आर सुब्बाले साहित्य संरक्षणका निम्ति गठित **अपतन** पहिलो साहित्यिक सङ्गठन रहेको जानकारी गराउनुभयो। कार्यक्रममा सांगीतिक कार्यक्रम पनि प्रस्तुत गरिएको थियो।

## CDSCO-DRUGS

केन्द्रीय औषधि मानक नियन्त्रण सङ्गठन, CDSCO ले हालैको मासिक प्रतिवेदनमा 50 भन्दा बढी औषधिलाई **'मानक गुणस्तरहीन'** औषधि भनेर घोषणा गरेको छ। यसबाट ती औषधिहरूको प्रयोग सन्दर्भमा सुरक्षा चिन्ता खडा भएको छ। यी औषधिहरूमा पारासिटामोल, भिटामिन बी कम्प्लेक्स, क्याल्सियम ट्याब्लेट र भिटामिन डी-थ्री ट्याब्लेटहरू समावेश छन्। मानक गुणस्तर नभएका यी उत्पादनहरू धेरै कम्पनीहरूले निर्माण गरेका छन्।

## Gyalshing-Nathula Permit

रिन्चेनपोङ निर्वाचन क्षेत्रका विधायक श्री एरुङ तेन्जिङ लेप्चाले आज मुख्यमन्त्री प्रेमसिंह तामाङका नेतृत्वमा सोरेङ जिल्लाको पर्यटन तथा नागरिक उड्डयन विभागले आयोजना गरेको नाथुला परमिट कार्यक्रमको औपचारिक शुभारम्भ गर्नुभयो। कार्यक्रममा, श्री लेप्चाले सिक्किमको पर्यटन प्रवर्धनमा निरन्तर प्रयास गरेकामा मुख्यमन्त्री र पर्यटन विभागप्रति कृतज्ञता व्यक्त गर्नुभयो। उहाँले जिल्ला प्रशासन र पर्यटन अधिकारीहरूबीचको सहकार्यको प्रशंसा गर्दै, कार्यक्रमलाई सफल बनाउन र यस क्षेत्रको पर्यटकीय सम्भावनाका विकासमा योगदान पुऱ्याउनका लागि उनीहरूले गरेको सामुहिक प्रयासको खुलेर सराहना गर्नुभयो।

## Gyalsing-Rain-Landslide

पश्चिम सिक्किममा केही दिनदेखि परेको अविरल बर्षाका कारण मानिसहरूका निजी सम्पत्तिका साथै घर-जगामा क्षति पुगेको जानकारी प्राप्त भएको छ। दरामदिन क्षेत्रमा एउटा घरलाई क्षति पुगेको छ भने विभिन्न ठाउँमा पैह्रोले बिजुलीको खम्बा ढालेको छ। सम्बन्धित विभागका अधिकारी लगायत लाइन कर्मचारीहरू बिहानैदेखि बिजुली आपूर्ति दुरुस्त पार्न जुटेका छन्। धेरै ठाउँमा बिजुली आपूर्तिलाई पुन: सञ्चालनमा ल्याइएको छ भने कतिपय ठाउँमा बिजुली आपूर्ति ठिक गर्ने कार्य भइरहेको छ। गेजिङ जिल्लामा पनि देन्ताम-बर्मेक आदि स्थानमा अविरल वर्षाका कारण बिजुली आपूर्ति ठप्प भएको छ। गाउँसँग जोडिएका सडक मार्गहरू धेरै स्थानमा पैह्रोले बन्द भएको थियो तर कतिपय स्थानमा विभागका पहलमा सडकहरू खोल्ने काम पनि निरन्तर चलिरहेको छ।

## Sikkim Taekwondo Team

सिक्किम एमेच्योर तेक्वान्दो संघले सेप्टेम्बर 20-22 सम्म महाराष्ट्रक◌ा नासिकमा आयोजित **च्याम्पियन अफ च्याम्पियन्स** प्रतियोगितामा भाग लिने सिक्किम एमेच्योर तेक्वान्दो विजेता खेलाडीहरूलाई स्वागत गऱ्यो। कार्यक्रममा संघका महासचिव सुमन तामाङ र स्वर्ण पदक विजेता गंगा प्रधानले सञ्चारकर्मीहरूलाई प्रतियोगिताबारे विस्तृत जानकारी दिएका छन्।

**समाचार पूरा भयो।**